BZA

# क्षेत्रीकरण अपिलको बोर्ड आवेदन

कायाहोगा फल्स
समुदाय विकास विभाग—योजना विभाजन
२३१० सेकेण्ड स्ट्रिट
कायाहोगा फल्स, ओहायो ४४२२१
३३०-९७१-८१३५
www.cityofcf.com

## आवेदकको जानकारी र निर्देशनहरू (रेकर्डको लागि कायम राख्नुहोस्)

सबै आवेदकहरूले आवेदन बुझाउनु अघि योजना विभाजनका कर्मचारीहरूसँग आवेदन दिनुअघि गरिने सभामा भाग लिनको लागि हामी सुझाब दिन्छौ। योजनाकारसँग भेटघाटको योजना बनाउन कृपया ३३०-९७१-८१३५ मा कल गर्नुहोस्।

### बुझाउने प्रक्रिया

आवेदन बुझाइसक्नु पर्ने मिति तथा अन्य सान्दर्भिक मितिहरूबारे बुझ्नको लागि कृपया क्षेत्रीकरण बोर्डको अपिल आवेदनको समयसीमा र सुनुवाइको तालिका हेर्नुहोस्। यो कागजात अनलाइन http://www.cityofcf.com मा उपलब्ध छ अनि त्यसबाहेक तपाईँ योजना विभाजनलाई पनि सम्पर्क गर्न सक्नुहुन्छ।

सबै आवश्यक सामग्रीहरू र हुनुपर्ने जानकारी प्रदान गरिएको छ भन्ने कुरा पक्का गर्न कर्मचारीहरूले पेस गरिएका आवदेनहरूको पुनरावलोकन गर्नेछन्। आवेदन बुझाइसक्नुपर्ने समयसीमाको ३० दिनभित्र आवेदकलाई उक्त आवेदनमा भएका जानकारीहरू स्वीकार्य छ कि छैन भन्ने कुराको सूचना दिइनेछ। यदि स्वीकार्य छ भने, सम्पर्क व्यक्तिलाई एउटा पोस्टकार्ड पठाइनेछ जसमा आवेदन स्वीकार्य भएको मिति र क्षेत्रीकरणको बोर्डको अपिलमा छलफल गर्नको लागि तोकिएको मिति समावेश गरिनेछ। यदि आवेदन स्वीकार्य छैन भने उक्त आवेदनमा के-कस्ता कुराहरू मिलेको छैन भन्ने जानकारी आवदेकलाई पठाइनेछ। उक्त पत्रमा पुनःपेश गरिसक्नुपर्ने म्याद पनि राखिएको हुनेछ। (नोट: क्षेत्रीकरणको बोर्डको अपिल एजेण्डाको मिटिङमा ५ वटा सम्म मात्र छलफल गरिनेछ, यदि त्यो भन्दा धेरै आवेदन छ भने अर्को मिटिङको लागि सारिनेछ)

### क्षेत्रीकरण नक्सा परिमार्जन र ससर्त क्षेत्रीकरणको सूचना र पोष्टिङ प्रमाणपत्र आवेदनहरू

१. क्षेत्रीकरण अपिलको सार्वजनिक सुनुवाइ बोर्डको कम्तीमा सात (७) दिन अघि जग्गामा एउटा सूचना जारी गरिनेछ।
२. क्षेत्रीकरण अपिलको सार्वजनिक सुनुवाइ बोर्डको कम्तीमा सात (७) दिन अघि आवेदन साइटको २०० फिट भित्र जग्गा मालिकहरूलाई सूचना पठाइनेछ।

## क्षेत्रीकरण अपिलको बोर्डको आवेदन फिर्ता लिने

बुझाइएको कुनै पनि आवेदन आवेदकले लिखित रूपमा निवेदन दिएर फिर्ता लिन सकिन्छ। पोस्टिङ गर्नु अघि फिर्ता गरिएको छ भने खर्च भएको शुल्क पनि फिर्ता गरिनेछ। तर पोस्टिङ गरिसकेपछि फिर्ता गर्नको लागि निवेदन दिइएको छ भने लागेको शुल्क फिर्ता गर्न सकिनेछैन।

## क्षेत्रीकरण अपिलको बोर्डको आवेदनको स्थगन

सार्वजनिक सुनुवाइको तयारीको लागि थप समय आवश्यक परेमा आवेदकहरूले आफ्नो आवेदन अनीश्चीत काल का लागि स्थगन गर्नको लागि अनुरोध गर्न सक्छन्। तर अर्कोतर्फ स्थगन स्वतः प्रदान गर्न त सकिँदैन, यदि स्थगनको अनुरोध गरिएको छ भने पनि आवेदकको प्रतिनिधि सार्वजनिक सुनुवाइमा उपस्थित हुनुपर्छ। यदि आवेदकले प्रक्रियागत चरणहरू राम्रोसँग पछ्याएका छैनन् भने क्षेत्रीकरण अपिलको बोर्डले आवेदन स्थगित गर्न सक्छ। यदि आवेदकको अनुरोधमा वा प्रक्रियागत कुराहरू राम्रोसँग पूरा नगरेको अवस्थामा आवेदन स्थगित गरिएको छ भने आवेदकको खर्चमा नयाँ सार्वजनिक सूचना जारी गरिनेछ।

# क्षेत्रीकरण अपिलको बोर्ड आवेदन

कायाहोगा फल्स
समुदाय विकास विभाग—योजना विभाजन
२३१० सेकेण्ड स्ट्रिट
कायाहोगा फल्स, ओहायो ४४२२१
३३०-९७१-८१३५
www.cityofcf.com

## क्षेत्रीकरण अपिलको बोर्डले सार्वजनिक सुनुवाइको लागि गर्ने प्रशासनिक अपिलहरू र आवेदनहरूको भिन्नता

सार्वजनिक सुनुवाइ क्षेत्रीकरण अपिलको बोर्ड समक्ष गरिन्छ। क्षेत्रीकरण अपिलको बोर्डको मिटिङहरू हरेक महिनाको दोस्रो र चौथौँ बुधबार साँझ ६:०० बजे कायाहोगा फल्स नटेटोरियम भवनको सिटी काउन्सिल चेम्बर्समा वा योजना विभाजनले तय गरेको समय र ठाउँमा आयोजित गरिन्छ। सार्वजनिक सुनुवाइमा आवेदक वा आवेदकको प्रतिनिधी **उपस्थित हुनैपर्छ।** आवेदकलाई वा आवेदकको प्रतिनिधीलाई प्रस्ताव प्रस्तुत गर्न र क्षेत्रीकरण अपिलको बोर्डले सोध्ने कुनै पनि प्रश्नहरूको जवाफ दिनको लागि भनिन्छ। दृश्य सामग्री देखाउन ठूला दृश्यहरू प्रयोग गर्नको लागि सिफारिस गरिन्छ। सर्वसाधारणबाट अन्य इच्छुक सदस्यलाई पनि बोल्ने मौका दिइन्छ। यदि कसैलाई खण्डन गर्नुपर्ने छ भने त्यसको लागि पनि समय दिइन्छ। आवेदन ३० दिनसम्ममा पेश गर्न सकिन्छ।

क्षेत्रीकरण अपिलको बोर्डको आवेदनको विषयमा विस्तृत जानकारीको लागि कायाहोगा फल्स सामान्य विकास कोडको खण्ड ११३.१४, ११११३.१५ र १११११३.१६ हेर्नुहोस्।

# क्षेत्रीकरण अपिलको बोर्ड आवेदन

कायाहोगा फल्स
समुदाय विकास विभाग—योजना विभाजन
२३१० सेकेण्ड स्ट्रिट
कायाहोगा फल्स, ओहायो ४४२२१
३३०-९७१-८१३५
www.cityofcf.com

## आवेदकको चेकलिस्ट (रेकर्डको लागि कायम राख्नुहोस्)

कृपया तल दिइएको सूचीमा भएका सबै बुँदा जाँच्नुहोस् र आवेदन पेस गर्दा सबै आवश्यक कुराहरू समावेश गर्नुहोस्। आवेदन पेस गर्दा चिनिने हुनुपर्छ अनि राम्रोसँग लेबल गरिएको हुनुपर्छ। पेस गरिएका आवेदनहरू कर्मचारीहरूले पुनरावलोकन गर्नेछन् र आवेदन प्रक्रियाको लागि स्वीकार गरिएको छ कि छैन भन्ने कुरा मेलद्वारा सूचित गर्नेछन्। यदि कुनै आवेदनमा आवश्यक सबै जानकारी छैन भने, र/वा हस्ताक्षर गरिएको छैन भने सार्वजनिक मिटिङ अथवा कर्मचारीले गर्ने पुनरावलोकनको लागि पठाउन सकिँदैन। यस प्रक्रियाबारे थप विस्तृत जानकारी "आवेदक जानकारी" भन्ने भागमा लेखिएको छ। तल उल्लिखित कोड सन्दर्भले कायाहोगा फल्सको सामान्य विकास कोडलाई बुझाउँछ।

**<u>क्षेत्रीकरण अपिलको बोर्डलाई बुझाउने सबै आवेदनहरूको लागि</u>**

- ☐ पूर्ण रुपमा भरिएका आवेदनहरू (सबै राम्रोसँग पूरा गरिएको हुनुपर्छ)
- ☐ जग्गाको मालिकको हस्ताक्षर र आवेदकको हस्ताक्षर (यदि उक्त जग्गाको हालको मालिक आवेदक होइन भने) जग्गाको खरिद सम्झौताको प्रतिलिपि जग्गा मालिकको हस्ताक्षरको सट्टामा समावेश गर्न सकिन्छ, जबसम्म सम्झौताले स्पष्ट रूपमा आवेदनको स्वीकृतिलाई सम्झौताको रूपमा पहिचान गर्दछ।
- ☐ कायाहोगा फल्स शहरलाई तिर्नुपर्ने शूल्क

**<u>प्रशासन अपीलका लागि आवेदनहरू</u>**

| | कोड सन्दर्भ |
|---|---|
| ☐ कस्तो खालको अपिल गर्न गरिएको हो भन्ने जानकारी जसमा निर्णय कस्तो भयो, हालको वर्तमान नियमअनुसार किन त्रुटि भयो, यसले आवेदकमा कस्तो असर पर्‍यो अनि प्रस्तुत गर्न सकिने कुनै पनि समर्थन गर्ने जानकारी वा प्रमाणको सूची वा विवरण सहित अपीलको प्रकृतिको बारेमा तथ्यहरूको बयान। | धारा १११३.१५ |
| ☐ सम्बन्धित कागजात (भवनको उचाइ, साइट योजना, इत्यादि)-को एउटा (१) कागजको प्रतिलिपि अनि एउटा डिजिटल pdf फाइल | |

**<u>परिवर्तनको लागि आवेदनहरू</u>**

| | कोड सन्दर्भ |
|---|---|
| ☐ हुन लागेको परिवर्तनको प्रकृतिको बारेमा बयान आवश्यक छ जसमा अनावश्यक कठिनाई, अथवा विशेष परिस्थितिहरूको संकेत समावेश गरिएको हुनुपर्छ। साथै हुन लागेको परिवर्तनले सामाजिक संरचनामा त्यति धेरै फरक पार्दैन वा साधारण योजना अन्तर्गत राखिएका लक्ष्यहरू प्राप्त गर्ने देखि रोक्दैन वा छिमेक वा नजिकैको क्षेत्रमा अचाक्ली परिवर्तन अथवा धेरै असर पार्दैन भन्ने जानकारी समावेश गरिएको हुनुपर्छ। | धारा १११३.१६ |
| ☐ सम्बन्धित कागजात (भवनको उचाइ, साइट योजना, इत्यादि)-को एउटा (१) कागजको प्रतिलिपि अनि एउटा डिजिटल pdf फाइल | |

# क्षेत्रीकरण अपिलको बोर्ड आवेदन

कुयाहोगा फल्स
समुदाय विकास विभाग— योजना विभाजन
२३१० सेकेण्ड स्ट्रिट
कायाहोगा फल्स, ओहायो ४४२२१
३३०-९७१-८१३५
www.cityofcf.com

प्रोजेक्ट #: ____________________

## आवेदन

***यो फाराम अङ्ग्रेजीमै भर्नुपर्छ ***

| सम्पर्क जानकारी | |
|---|---|
| **आवेदकको नाम:** | |
| सडक ठेगाना: | |
| शहर/राज्य/जिप | |
| टेलिफोन: | |
| इमेल: | |

| | |
|---|---|
| **आवेदक प्रतिनिधिको नाम:** | |
| सम्पर्क व्यक्ति: | |
| सडक ठेगाना: | |
| शहर/राज्य/जिप | |
| टेलिफोन: | |
| इमेल: | |

| | |
|---|---|
| **जग्गाको मालिकको नाम:** | |
| सडक ठेगाना: | |
| शहर/राज्य/जिप | |
| टेलिफोन: | |
| इमेल: | |

# क्षेत्रीकरण अपिलको बोर्ड आवेदन

कायाहोगा फल्स
समुदाय विकास विभाग—प्लानिङ डिभिजन
२३१० सेकेण्ड स्ट्रिट
कायाहोगा फल्स, ओहायो ४४२२१
३३०-९७१-८१३५
www.cityofcf.com

| **जग्गाको वर्णन** | |
|---|---|
| सामान्य स्थान: | |
| ठेगाना: | |
| पार्सल नम्बर (हरू): | |
| जमिनको कुलक्षेत्र (वर्ग फिट वा एकरेज): | |
| जग्गाको पृष्ठभूमि: | |

| **तथ्य विवरणको बयान** |
|---|
| |

# क्षेत्रीकरण अपिलको बोर्ड आवेदन

कायाहोगा फल्स
समुदाय विकास विभाग—प्लानिङ डिभिजन
२३१० सेकेण्ड स्ट्रिट
कायाहोगा फल्स, ओहायो ४४२२१
३३०-९७१-८१३५
www.cityofcf.com

| प्रमाणपत्रहरू | | |
|---|---|---|
| आवेदक | हस्ताक्षर | मिति |
| यस आवेदनमा लेखिएका सबै बयानहरू सत्य र पूर्ण छन् भन्ने कुरा पनि प्रमाणित गर्दछु। मसँग यो अपिल गर्न र माथिको परिसरमा अन्तर्गत रहेको लिखित अख्तियारनामा राख्ने कानुनी अधिकार छ भन्ने कुरा बुझेको छु। | | |
| जग्गाको मालिकको सहमति | हस्ताक्षर | मिति |
| म जग्गाको मालिक हुँ वा यो आवेदन दायर गर्न जग्गाको मालिकबाट लिखित अधिकार म सित छ भन्ने कुराको वाचा गर्छु। अन्यथा भएमा झूटो गवाही अन्तर्गतको सजाय भोग्न तयार छु। आफूसँग भएको ज्ञानको आधारमा दिइएको जानकारी सत्य र सही छ भन्ने कुरा पक्का गर्दछु। गलत जानकारी दिएको खण्डमा मेरो आवेदन स्वीकृति रद्द हुन सक्छ भन्ने कुरा बुझेको छु। | | |

| विभागको प्रयोजनको लागि | |
|---|---|
| फाइल नम्बर: | |
| आवेदन प्राप्त भएको (मिति): | |
| रकम शुल्क: | |
| आवेदन स्वीकृत गरिएको (मिति): | |